# पञ्चदेवल विनायक नगरपालिका, अछामको गत आ.व. २०८१/०८२ को वार्षिक तथा चालु आ.व. २०८२/०८३ को प्रथम चौमासिकसम्मको प्रशासनिक, भौतिक तथा वित्तीय प्रगतिको सार्वजनिक सुनुवाइ कार्यक्रमका लागि तयार गरिएको प्रतिवेदन

मितिः २०८२ मंसिर १३ गते, शनिबार


पञ्चदेवल विनायक नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

विनायक, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

## नगरपालिकाको संक्षिप्त परिचयः

नेपालको सुदूरपश्चिम प्रदेश अन्तर्गतको अछाम जिल्लाको चार नगरपालिका र छ गाउँपालिकाहरु मध्ये निर्वाचन क्षेत्र नं. २ मा पर्ने पञ्चदेवल विनायक नगरपालिका कर्णाली प्रदेशबाट मध्यपहाडी लोकमार्ग हुँदै सुदूरपश्चिम प्रदेश प्रवेश गर्ने प्रवेशद्धारको रुपमा रहेको एक नगरपालिका हो । साविकका कुइका, विनायक, कालिकास्थान, लयाँटी, तोली, पुल्लेतोला, बारला र कालेकाँडासमेत जम्मा ८ वटा गा.वि.स.हरुलाई मिलाएर नेपाल सरकारबाट वि.सं. २०७३ साल फागुन २७ गते घोषणा भएको यो नगरपालिका ९ वटा वडामा विभक्त छ । उल्लेखित साविकका सबै गा.वि.स.लाई एउटा/एउटा वडा कायम गरिएको र विनायक गा.वि.स.लाई २ वटा वडा कायम गरी विनायकलाई नै नगरपालिकाको केन्द्रको रुपमा तोकी प्रशासनिक कार्यहरु सञ्चालन भईरहेको छ । १४७.७५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा वि.सं. २०७८ सालको राष्ट्रिय जनगणना अनुसार महिला १४,१९५ र पुरुष ११,८९३ गरी जम्मा २६,०८८ जनसंख्या रहेको छ ।

अवस्थितिको हिसाबले पञ्चदेवल विनायक नगरपालिका पूर्वमा सिमानाको रुपमा रहेको कर्णाली नदीसँगै कालिकोट जिल्ला, पश्चिममा कमलबजार नगरपालिका, उत्तरमा रामारोशन गाउँपालिका र दक्षिणमा सिमानाको रुपमा रहेको कर्णाली नदीसँगै दैलेख जिल्लाको आठबिस नगरपालिकाको बिचमा अवस्थित प्राकृतिक स्रोत-साधनले सम्पन्न नगरपालिका हो । जल, जमिन, जंगल, जडीबुटी, जंगली जनावर र प्रयाप्त मात्राको उर्वर भूमि रहेको यो नगरपालिकाको केन्द्रबाट गएको मध्यपहाडी लोकमार्गका कारण उच्च आर्थिक वृद्धिको सम्भावना बोकेको नगरपालिका हो ।

नगरपालिकाको उत्तरी भेगमा प्रयाप्त पानीको स्रोतका कारण हराभरा रहेको जंगलले प्रशस्त मात्रामा दिने घाँस र चरिचरण क्षेत्रले व्यवसायिक पशुपालनको राम्रो सम्भावना रहेको छ भने मध्यभागमा फलफुल खेती र पूर्वी भागमा धान, गहुँ र तरकारी खेतीको उच्च सम्भावना रहेको छ ।

पूर्वमा कर्णाली नदी, तालागाड खोला, पश्चिममा कुइका खोला र बीचमा अन्य सानातिना खोलानालाहरु बग्ने गर्दछन्, जसबाट नगरपालिका क्षेत्रलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी र बालुवा जस्ता निर्माण सामाग्रीहरु उपलब्ध हुने गर्दछ । यस पञ्चदेवल विनायक नगरपालिका क्षेत्रभित्र ऐतिहासिक पञ्चदेवलहरु, मष्टामाडौं, बालमाडौं, कुइकेल्लेमाई जस्ता प्रसिद्ध तिर्थस्थलहरु तथा कर्णाली नदी क्षेत्र, बेलखेत, कालापानी जस्ता पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरु रहेका छन् । बारला र कालेकाँडा क्षेत्रमा रहेको पेट्रोलियम पदार्थ, स्लेट ढुङ्गा, काइनाइट पत्थर तथा फलामको धाउ पाइने क्षेत्रको रुपमा रहेकोले उक्त प्राकृतिक स्रोतको उत्खनन् गर्न सकेको अवस्थामा पञ्चदेवल विनायक नगरपालिका अछाम जिल्ला, सुदूरपश्चिम प्रदेशका साथै समग्र नेपाल राज्यकै लागि आर्थिक समृद्धिमा टेवा पुग्ने देखिन्छ ।

विभिन्न जातजाती र भाषा भाषिका बोल्ने समुदायको बसोबास रहेको यो नगरपालिकामा धार्मिक तथा साँस्कृतिक विविधता समेत रहेको पाइन्छ ।

## गत आ.व. २०८२/८३ का मुख्य उपलब्धीहरुः

- नगरपालिकाको नयाँ निर्माण भएको प्रशासनिक भवनबाट कार्यालय सञ्चालन गरिएको ।
- वडा नं. ७ को नवनिर्मित वडा कार्यालय भवनबाट कार्यालय सञ्चालन गरिएको ।
- आर्थिक वर्ष २०७९/८० बाट नयाँ निर्वाचित जनप्रतिनिधिहरुको कार्यकाल प्रारम्भ हुँदा सम्मको कायम बेरुजु रु. २६ करोड ७० लाख ७४ हजार रहेकोमा आ.व. २०८१/८२ सम्म आइपुग्दा १९ करोड ३८ लाख ६५ हजार ६ सय ४३ पुरानो बेरुजु फछ्यौंट गरी आ.व. २०८१/०८२ मा महालेखा परीक्षकको कार्यालयबाट जारी गरिएको वार्षिक प्रतिवेदन

अनुसार सुदूरपश्चिम प्रदेशमा प्रथम र नेपालभरीमा १६औं स्थान हासिल गरी रु.३५,१०,१६१ (०.२७%) कायम गरी महालेखा परीक्षकको कार्यालयको ६७औं वार्षिकोत्सव कार्यक्रममार्फत सम्मानित भएको ।

- नगरपालिका अन्तर्गत निर्माणाधिन १० शैया अस्पताल निर्माण कार्य अन्तिम चरणमा रहेको तर संघीय सरकारबाट समयमै बजेट निकास नहुँदा सञ्चालन प्रक्रिया ढिला हुन गएको ।
- संघीय समपुरक अनुदान अन्तर्गत पञ्चदेवल क्याम्पसको अत्याधुनिक शौचालयहरुसहितको १० कोठे पक्कि भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको ।
- विनायक बजार RCC सडक निर्माण र वडा नं. ९ को वडा कार्यालय भवन निर्माणमा शहरी विकास कार्यालयमार्फत रु. १२ करोड बजेट सुनिश्चित भइ रु. ८ करोडमा निर्माण कार्य सुरु भएकोमा ठेकादार र शहरी विकास कार्यालयको लापरवाहीका कारण निर्माण प्रक्रिया अवरुद्ध भएकोमा नगरपालिकाले आवश्यक समन्वय र सहजिकरण गरी निर्माण कार्य अगाडी बढाउने तयारी गरेको ।
- पूर्वाधार कार्यालय, अछाम मार्फत कार्यान्वयन हुने प.वि.न.पा.-०५ स्थित माथिल्लो दोगाडे पक्की पुल निर्माण (क्रमागत आयोजना) का लागि रु. ९ करोड बराबरको लागत अनुमान तयार भइ रु. ६ करोड बराबरको सम्झौता सहित हाल शिलान्यास भएर पुल निर्माणको काम सुरु भएको ।
- सहरी विकास कार्यालय, डोटी मार्फत कार्यान्यन हुने विनायक-तोली सडक निर्माण (क्रमागत आयोजना) का लागि रु. ३ करोड बराबरको लागत अनुमान तयार भइ विद्युतीय ठेक्का आह्वान भएर मुल्यांकनको चरणमा रहेको ।
- हेल्भेटास, USAID, रुडेक र नगरपालिकाको साझेदारीमा विभिन्न वडामा सञ्चालित खानेपानी आयोजनाहरु सम्पन्न भइ १६०० घरधुरीहरुमा बहुउपयोगी खानेपानी आपुर्ती गरिएको ।
- सुदूरपश्चिम प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत अछाम जिल्ला निर्वाचन क्षेत्र नं. २, प्रदेश 'क' को प.वि.न.पा.-०८, बारला स्थित श्री मालिका मा.वि. नमुना मा.वि.मा छनौट हुन सफल भएको ।
- विभिन्न स्थानमा नगरपालिका कार्यालयको नाममा १५.५ रोपनी र नगर अस्पतालको नाममा ४ रोपनी जग्गा प्राप्त गरेको ।
- च्यारिटि फाउन्डेशन धनगढी नेत्रालय र पञ्चदेवल विनायक नगरपालिकाको सहयोगमा विनायक बजार क्षेत्रमा आँखा उपचार केन्द्र स्थापना गरी नियमित सेवा सञ्चालन गरिएको ।
- WAC नेपालको सहयोगमा प.वि.न.पा.-०९ स्थित चिल्ताडामा रु. १ करोड ४८ लाख लागत अनुमान भएको २ तले करीब १०० जना व्यक्तिहरु सुरक्षित राख्न सकिने महिला तथा पुरुषका लागि अलग-अलग व्यवस्थापन गर्न मिल्ने अत्याधुनिक शौचालय तथा युरिनल तथा सुविधा सम्पन्न हलसहितको सुरक्षित आवास गृह (Safe House) को निर्माण अन्तिम चरणमा पुगेको ।
- कार्यालयको खरिद प्रक्रिया तथा निर्माण कार्यलाई विद्युतीय बोलपत्रमार्फत खुल्ला प्रतिस्प्रधामा खरिद गर्ने गरिएकोले आर्थिक मितव्ययिता कामय गरेको
- स्थानीय तहको कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदानका लागि प्राकृतिक स्रोत तथा वित्त आयोगको विभिन्न १७ वटा सूचकहरुको मूल्याङ्कनमा ५८.३ प्राप्ताङ्कसहित अछाम जिल्लामा तेस्रो स्थान हासिल गरी वित्तीय समानीकरण अनुदान थप भएको ।
- आ.व. २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गुणस्तर परीक्षणपश्चात सार्वजनिक गरेको अन्तिम नतिजा अनुसार ७७.५० अंकसहित अछाम जिल्लामा प्रथम स्थान हासिल भएको ।
- आ.व. २०८०/०८१ को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को जिल्ला समन्वय समिति, अछामले सार्वजनिक गरेको अन्तिम नतिजा अनुसार ८९.५ अंकसहित अछाम जिल्लामा प्रथम स्थान हासिल भएको ।

- स्वास्थ्य क्षेत्रको समग्र कार्यसम्पादन र विकासको वार्षिक समीक्षामा आ.व. २०७९/८०, २०८०/८१ र २०८१/८२ मा लगातार अछाम जिल्लामा प्रथम स्थान हासिल गर्न सफल भएको ।
- यस नगरपालिकाको आन्तरिक आय आ.व. २०७९/८० भन्दा २०८०/८१ मा १४ प्रतिशत तथा २०८०/८१ भन्दा २०८१/८२ मा ४० प्रतिशतले वृद्धि भएको पाइन्छ । यसरी समग्रमा विषत दुई वर्षमा नगरपालिकाको आन्तरिक आय ६० प्रतिशतले वृद्धि भएको छ ।
- घरेलु मदिरा (उत्पादन, नियन्त्रण, व्यवस्थापन तथा नियमन) ऐन, एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि र ग्रामिण अल्ट्रासाउण्ड सेवा सञ्चालन कार्यविधि स्वीकृत गरी लागु गरिएको ।

| आ.व. २०८१/०८२ को आय विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | आयका शिर्षकहरु | प्रस्तावित आय रु. | वास्तविक आय रु. |
| १ | संघीय सरकार - वित्तिय समानिकरण | ९,२२,००,००० | ८,४६,०२,७२० |
| २ | संघीय सरकार - सशर्त अनुदान (चालु) | २६,११,४३,००० | २२,१०,०९,८७० |
| ३ | संघीय सरकार - सशर्त अनुदान (पुंजिगत) | १०,००,००० | १०,००,००० |
| ४ | संघीय सरकार - विशेष अनुदान | ० | |
| ५ | संघीय सरकार - समपुरक अनुदान | १,००,००,००० | ७७,४४,२१३ |
| ६ | संघीय सरकार - राजश्व बाँडफाँड | १०,९९,००,००० | ९,८०,६७,४९२ |
| ७ | प्रदेश सरकार - वित्तिय समानिकरण | ८०,४२,००० | ८०,४२,००० |
| ८ | प्रदेश सरकार - राजश्व बाँडफाँड | ५२,०२,००० | ५३,६२,७५४ |
| ९ | प्रदेश सरकार - विशेष अनुदान | ५५,००,००० | ४८,५५,९४६ |
| १० | प्रदेश सरकार - समपुरक अनुदान | ९२,००,००० | ३०,३५,५७९ |
| ११ | प्रदेश सरकार - सशर्त अनुदान (पुँजिगत) | ६८,००,००० | ५३,८३,६२० |
| १२ | नगरपालिकाको आ.व. २०८१/८२ को आन्तरिक आय (अनुमानित) | १,३५,००,००० | ८१,१७,८७३ |
| १३ | बैक मौज्दात | २,४५,२१,१०८ | २,४५,२१,१०८ |
| १४ | प्रदेश सरकार चालु कार्यक्रम अनुदान | ५,५०,००० | ० |
| १५ | सामाजिक सुरक्षा तथा संरक्षण | १,३४,८६,४००० | १२,३३,१५,८१८ |
| १६ | प्रशासकीय भवनको गत आ.व.को निकासा | ६३,००,००० | ६२,३३,९६६ |
| १७ | १० शैया अस्पताल भवन निर्माण | २,००,६६,९४७ | २,००,६६,९४७ |
| १८ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम मृगौला, मेरुदण्ड लगायत जटिल प्रकृतिका रोगहरुको उपचार खर्च | ८,०५,००० | ८,०५,००० |
| | **जम्मा रु.** | **७०,९५,९४,०५५** | **६२,२१,६४,९०६** |

- माथि उल्लेखित प्रस्तावित आय रु. ७० करोड ९५ लाख ९४ हजार ५५ रहेकोमा वास्तविका आय रु. ६२ करोड २१ लाख ६४ हजार ९ सय ६ मात्र हुनुले रु. ८ करोड ७४ लाख २९ हजार १ सय ४९ कम बजेट निकासाले विनियोजित आयोजनाहरु कार्यान्वयनमा समस्या रहँदै आएको छ ।

| आ.व. २०८१/०८२ को व्यय विवरण | | | |
|---|---|---|---|
| खर्चका शिर्षकहरु | बजेट रु. | खर्च रु. | खर्च प्रतिशत |
| **चालु खर्च जम्मा रु** | **४२,६४,४३,०००.००** | **३५,०७,२०,६२५.९६** | **८२.२४** |
| सशर्त बजेट चालु-संघ | २६,११,४३,०००.०० | २२,१०,०९,८७०.२२ | ८४.६३ |
| सशर्त बजेट चालु- प्रदेश | ६०,५०,०००.०० | ४८,५५,९४६.०० | ८०.२६ |
| कार्यालय तथा वडातर्फ-चालु | ११,१६,८१,०००.०० | ८,३९,१४,९२०.७४ | ७५.२० |
| शिक्षा शाखा | ३,२८,००,०००.०० | २,९८,९७,३२४.०० | ९१.१५ |
| स्वास्थ्य शाखा | ५५,००,०००.०० | ५३,१२,५८८.०० | ९६.५९ |
| पशु सेवा शाखा | २०,००,०००.०० | १८,४३,८९७.०० | ९२.१९ |
| महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | ४२,७३,०००.०० | १३,०९,८५०.०० | ३०.६५ |
| कृषि विकास शाखा | २२,९६,०००.०० | १८,७९,७८२.०० | ८१.८७ |
| **पुँजिगत खर्च जम्मा रु.** | **११,९६,०७,२५८.१८** | **९,२८,११,५५१.००** | **७७.५९** |
| नगरपालिका पुँजिगत | ४,१८,९०,४६२.१८ | ३,५०,३०,०३३.०० | ८३.६२ |
| संघ पुँजिगत | २,१०,००,०००.०० | १,६४,८८,५८७.०० | ७८.५१ |
| प्रदेश पुँजिगत | २,५२,००,०००.०० | १,१४,९४,८५८.०० | ४५.६१ |

| | | | |
|---|---|---|---|
| वडा नं. १ | १६,५५,०००.०० | १५,९३,६५४.०० | ९६.२९ |
| वडा नं. २ | १८,३५,०००.०० | १३,३८,२०९.०० | ७२.९२ |
| वडा नं. ३ | २०,५०,०००.०० | १७,४८,५१८.०० | ८५.२९ |
| वडा नं. ४ | ३२,५०,०००.०० | ३२,०८,५०९.०० | ९८.७२ |
| वडा नं. ५ | २८,००,०००.०० | २७,६९,०७३.०० | ९८.८९ |
| वडा नं. ६ | २५,५५,०००.०० | २५,४२,७४४.०० | ९९.५२ |
| वडा नं. ७ | २९,५०,०००.०० | २९,०४,८९७.०० | ९८.४७ |
| वडा नं. ८ | ४०,६३,०००.०० | ३८,७९,७७४.०० | ९५.४९ |
| वडा नं. ९ | ३९,६०,०००.०० | ३८,१५,५३५.०० | ९६.३५ |
| गत आ.व.को भुक्तानी बाँकी दायित्व | ६३,९८,७९६.०० | ५९,९७,१६०.०० | ९३.७२ |
| सामाजिक सुरक्षा तथा संरक्षण | | १२,३३,१५,८१८.०० | |
| प्रशासकीय भवनको गत आ.व.को निकासा | | ६२,३३,९६६.०० | |
| १० शैया अस्पताल भवन निर्माण | | २,००,६६,९४७.०० | |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम मृगौला, मेरुदण्ड लगायत जटिल प्रकृतिका रोगहरुको उपचार खर्च | | ८,०५,०००.०० | |
| विपद् व्यवस्थापन कोष | १०,२३,११४.०० | ५,४७,८००.०० | |
| विविध खर्च | ४५,५१,०३२.०० | ५,१५,८२३.०० | |
| **जम्मा खर्च रु. (चालु र पुँजिगत)** | **४४,३५,३२,१७६.९६** | | |

| बेरुजुको अवस्था (अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसार) | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **आर्थिक वर्ष** | **गत वर्षसम्म कायम बेरुजु रु.** | **सम्परीक्षण रु.** | **यस वर्ष थप बेरुजु रु.** | **बाँकी बेरुजु रु.** | **कैफियत** |
| १. | २०७८/७९ | २६६६४१००० | २४८९१००० | ३६५७४००० | २६७०७४००० | |
| २. | २०७९/८० | २६७०७४००० | १५७९९३२३८.१२ | ६७०१५४२ | ११६६४०००० | |
| ३. | २०८०/८१ | ११६६४०००० | १०९८१४०५ | ३५१०१६१ | १०३०३९४१३ | सुदूरपश्चिममा बेरुजु कम हुने पालिकामा प्रथम स्थान |
| ४. | २०८१/८२ | १०३०३९४१३ | १२८८९३६३ | २७०२३४७ | ९२८५२३९७ | प्रारम्भिक प्रतिवेदन अनुसार |

| तीन वर्षको आन्तरिक आयको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **आर्थिक वर्ष** | **प्रक्षेपण रु.** | **प्राप्ती रु.** | **लक्ष्यको तुलनामा प्रगति प्रतिशत** | **कैफियत** |
| १. | २०७९/८० | ८५६७००० | ५०६३९५१ | ५९.०१ | |
| २. | २०८०/८१ | ९०४१७५० | ५८०२९१८ | ६४.१७ | |
| ३. | २०८१/८२ | १३५१७१५० | ८११७८७३.२९ | ६०.०५ | |

| आ.व. २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को अन्तिम नतिजा | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **मूल्याङ्कन विषयक्षेत्रहरु** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
| १. | शासकिय प्रवन्ध | ९ | ८ | |
| २. | संगठन तथा प्रशासन | ८ | ८ | |
| ३. | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ७.५० | |
| ४. | वित्तीय तथा आर्थिक व्यवस्थापन | ११ | १० | |
| ५. | सेवा प्रवाह | १६ | ११.५० | |
| ६. | न्यायिक कार्य सम्पादन | ७ | ७ | |
| ७. | भौतिक पूर्वाधार | १३ | ८ | |
| ८. | सामाजिक समावेशीकरण | १० | ८.५० | |
| ९. | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ५.५० | |
| १०. | सहकार्य र समन्वय | ६ | ३.५० | |
| **जम्मा** | | **१००** | **७७.५०** | अछाम जिल्लामा प्रथम |

| आ.व. २०८०/०८१ को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को अन्तिम नतिजा | | | |
|---|---|---|---|
| **क्र.सं.** | **मूल्याङ्कन विषयक्षेत्रहरु** | **स्कोर प्रतिशत** | **कैफियत** |
| १. | योजना, बजेट तथा कार्यान्वयन व्यवस्थापन | १०० | |
| २. | कार्यान्वयन क्षमता तथा व्यवस्थापन | ९३.१ | |
| ३. | लेखाङ्कन तथा प्रतिवेदन | ८८.२४ | |
| ४. | अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण | ६८.७५ | |
| ५. | राजश्व व्यवस्थापन | ९१.१८ | |
| **जम्मा** | | **८९.५** | **अछाम जिल्लामा प्रथम** |

**सामाजिक विकास तर्फ:**

**स्वास्थ्य:**

नेपालको संविधान २०७२ को धारा ३५ मा प्रत्येक नागरिकहरुलाई आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुने कुरा उल्लेख गरीएको छ । जसमा आधारभुत स्वास्थ्य सेवा स्थानीय तहको अधिकार र प्रदेश तथा संघको साझा अधिकारको रुपमा रहेको छ । आधारभुत स्वास्थ्य सेवाको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन, स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन गर्ने अधिकार स्थानीय तहको रहेको छ ।

"**आधारभूत स्वास्थ्य सेवा**" भन्नाले निशुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवाहरु पर्दछन ।

- **जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा (४)**: प्रत्येक नागरिकलाई विभिन्न शीर्षक अन्तर्गत तोकिए बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु निःशुल्क प्राप्त गर्ने हक छ । जस अनुरुप हाम्रो पञ्चदेवल विनायक नगरपालिकाले देहाय बमोजिमका आधारभुत स्वास्थ्य सेवाहरु प्रदान गर्दछ ।
    - खोप सेवा
    - एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य , मातृ तथा नवजात शिशु र बाल स्वास्थ्य सेवा
    - सरुवा रोग सम्बन्धी सेवा,
    - नसर्ने रोग तथा शारीरिक विकलाङ्गता सम्बन्धी सेवा,
    - मानसिक रोग सम्बन्धी सेवा,
    - जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,
    - सामान्य आकस्मिक अवस्थाका सेवा,
    - स्वास्थ्य प्रवर्द्धन सेवा,
    - आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा,
    - नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवाहरु प्रदान गर्दै आएका छौ ।

**पञ्चदेवल विनायक नगरपालिकामा स्वास्थ्य सेवा प्रदान गर्ने संरचना र जनशक्ति**

- स्वास्थ्य चौकी ९ वटा
- बर्थिङ् सेन्टर ३ वटा
- आँखा उपचार केन्द्र १
- आयर्वेद स्वास्थ्य सेवा केन्द्र १ वटा
- गाउँघर क्लिनिक २५ वटा

- खोप क्लिनिक २४ वटा
- स्वास्थ्य कर्मीहरु ५६ जना
- महिला स्वास्थ्य स्वयंम सेविका ९१ जना

यस संगै पञ्चदेवल विनायक नगरपालिका आ.व. २०७९।०८० देखी २०८१।०८२ सम्म लगातार स्वास्थ्य सेवा प्रवाहमा जिल्लामै उत्कृष्ठ (प्रथम)भएको छ ।

आर्थिक वर्ष २०८१।०८२ मा ९ वटै स्वास्थ्य चौकीहरुबाट २५,६७१ **(१६०७५ जना महिला र ९५९६ जना पुरुष)**जनाले स्वास्थ्य सेवा लिएका छन । आँखा उपचार केन्द्रबाट ५५५ जना र आयुर्वेद स्वास्थ्य सेवा केन्द्रबाट १५६५ जनाले सेवा पाएका छन ।

**संघिय सरकारबाट हस्तान्तरीत सर्शत कार्यक्रम**

| क्र सं | सञ्चालित क्रियाकलापहरु | रकम रु | भौतिक प्रगती | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | ल्याब सेवा सञ्चालनका लागि क्यामिकल तथा ल्याव सामाग्री खरिद गरी ल्याव सेवा सञ्चालन गरिएको | ४,००,००० | ३४०४ जनाको विभिन्न रोग (blood sugar, Typhoid Test, Bllod Grouping,h.pyolari,Cholesterol,HIV, Sputum test etc.)पहिचानको लागि परिक्षण गरिएको छ । | ९९.९० |
| २ | पोषण कार्यक्रम | ५,४०,००० | पालिका स्तरीय पोषण कार्यक्रमको समिक्षा, तोली र आधारभुत स्वास्थ्य सेवा केन्द्रमा पोषण कर्नर स्थापना, ४१३० जना ५ वर्ष मुनिका बालबालिकाहरुलाई बार्षिक २ पटक भिटामिन ए र जुकाको औषधी वितरण गरेको जसवापत म.स्वा.स्व.सेविकाहरुलाई यातायता खर्च र स्वास्थ्यकर्मीहरुको भत्ता खर्च र आमासमुहमा पोषण लेखाजोखा सम्बन्धी कार्यक्रम सञ्चालन मा खर्च रहेको छ । | १०० |
| ३ | मातृ तथा नवशिशु कार्यक्रम | ५१,९४,००० | वर्थिङ् सेन्टरमा कार्यरत ४ जना अनमी को तलव भत्ता,२७७ जना सुतकेरी आमाहरुको यातायात खर्च,२४१ जना प्रोटोकल अनुसार ८ पटक गर्भजाँच बापतको उत्प्रेरणा प्रोत्साहन र ११९ जनाको सुरक्षीत गर्भपतन सेवा बापतको सोधभर्ना तथा २९० जना घरमै सुतकेरी जाँच गरे बापतको अनमी हरुलाई यातायात खर्च रकम सोध भर्ना गरेको । | ६२ |
| ४ | नियमित खोप सुदृढीकरण तथा पूर्णखोप सुनिश्चितता | ३,९६,००० | वडा हरुको ५ वर्ष मुनिका बालबालिकाहरुको घरधुरी सर्वेक्षण गरी छुट बालबालिकाहरुलाई खोप सेवा दिइ पालिका पूर्ण खोप सुनिश्चितता कार्यम गरेको । आ व २०८१।०८२ मा ४७८ जना १५ महिना मुनिका र १३६८ जना १६ देखी ५९ महिनाका बालबालिकाहरुले पूर्ण खोप पाएको । कुनै पनि बालबालिका खोप लाउनबाट नछुटेको । | १०० |
| ५ | क्षयरोग कार्यक्रम | २,५३,००० | बारलाको बोरागाउ, लयाँटी लगाएतका क्षयरोग सम्भाबित समुदायमा क्षयरोगको Screening क्याम्प सञ्चालन ३९६ जनाको परिक्षण गरीएको र क्षय तथा कुष्ठरोगको अर्धबार्षिक बार्षिक समिक्षा गोष्ठी सञ्चालन गरेको र आ व २०८१।०८२ मा १३ जना क्षयरोगका बिरामी पत्ता लगाई उपचार गरि निको भएका छन । | १०० |
| ६ | मृगौला प्रत्यारोपण, डायलाइसिस गरीरहेका, क्यान्सर रोगी, र | ९,५५,००० | १९ जना मृगौला प्रत्यारोपण, डायलाइसिस गरीरहेका, क्यान्सर रोगी, र मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई उपचार खर्च मासिक रु पाँच हजार का दरले रकम उपलब्ध गराइएको । | ९९.५ |

| | | | | |
|---|---|---|---|---|
| | मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई उपचार खर्च मासिक रु पाँच हजार उपलब्ध गराउने । | | | |
| ७ | आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधि खरिद | ३०,२२,००० | ९८ प्रकारका औषधि तथा औषधिजन्य सामाग्रि खरिद गरी बर्षभरी नै स्वास्थ्य सेवालाइ नियमित सञ्चालन मा ल्याएको । २५६७१ जनाले सेवा लिएका छन । | ९९ |
| ८ | एचपिभि खोप अभियान सञ्चालन कार्यक्रम | ४,४९,००० | पालिकाका सम्पूर्ण स्वास्थ्यकर्मी, खोपकार्यकर्ताहरु खोप समन्वय समिती, महिला स्वास्थ्य स्वयंम सेविकाहरुलाई अभिमुखिकरण र खोप सञ्चालन गरी १६४८ जना (100%) किशोरीहरुलाई पाठेघरको क्यान्सर विरुद्धको खोप दिएको । | १०० |
| ९ | किट जन्य रोगहरुको अभिमुखीकरण तथा नियन्त्रण कार्यक्रम | १,३२,००० | किटजन्य रोगसम्बन्धि सरोकारवालाहरुसंग अभिमुखीकरण तथा सचेतना कार्यक्रम सञ्चालन गरी १३२० जनाको मलेरीया परीक्षण गरी १० जना पोजेटीभ केस पत्ता लगाई उपचार गरीएको छ । | १०० |
| १० | परिवार योजना, किशोरी स्वास्थ्य सेवा तथा प्रजनन रुग्णता स्वास्थ्य सेवा | ५,५८,००० | परिवार योजना सेवा कार्यक्रम सञ्चालन तथा परामर्श सेवा प्रदान गरी ६३ जनाको लामो समयका परिवार नियोजन सेवा साधन प्रदान गरेको , किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था तथा प्रजनन स्वास्थ्य सेवा सञ्चालनका लागि स्वास्थ्य संस्थाहरुमा अभिमुखीकरण तथा सुचक मूल्याङ्कन गर्नुका साथै ३०० जना ३० देखी ४९ बर्षका महिलाहरुको पाठेघरको मुखको क्यान्सरको परीक्षण गरी ११ जना संकास्पद महिलाको उपचार तथा प्रेषण गरीएको छ । | १०० |
| ११ | आयुर्वेद सेवा कार्यक्रम | ५,५०,००० | औषधि व्यस्थापन तथा पूर्वकर्म पञ्चकर्म कार्यक्रम सञ्चालन गरी १५६५ जनालाई स्वास्थ्य परिक्षण तथा निशुलक औषधि वितरण, ४०० जना विद्यार्थिहरुलाई आयुर्वेद तथा योगशिक्षाका बारेमा जानकारी र २९५ जना पूर्वकर्म पंचकर्म सेवा दिइएको छ । | ९८.९७ |

**नगरपालिकाबाट हस्तान्तरीत**

| क्र सं | सञ्चालित क्रियाकलापहरु | रकम रु. | भौतिक प्रगती | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | स्वास्थ्य चौकीहरुका लागि प्रिन्टर तथा माईक्रोस्कोप खरीद | ५,२०,००० | विनायक स्वास्थ्य चौकीलाई माइक्रोष्कोप र ५ वटा स्वास्थ्य चौकीहरुलाई प्रिन्टर वितरण । | १०० |
| २ | स्वास्थ्यकर्मीहरुलाई वृहत पोषण प्याकेज तालिम | २,८०,००० | १८ जना स्वास्थ्य कर्मीहरुको क्षमता विकास भएको । | |
| ३ | अन्तर स्वास्थ्य संस्थाहरुको अनुगमन तथा डाटाभेरीफिकेसन कार्यक्रम | ४,७५,००० | एक अन्य स्वास्थ्य संस्थाहरुको कार्य सेवा प्रबाह सिकाइ र गुणस्तरीय तथ्याङ्क संकलन तथा समस्या पहिचान र समाधान सहितको कार्ययोजना बनाई बार्षिक २ पटक सञ्चालन गरी सेवा प्रबाह गरेको फलस्वरुप अछाम जिल्लामै उत्कृष्ट पालिका भएको । | ८२ |
| ४ | शल्यक्रिया सहितको निशुल्क | ३,००,००० | वडाहरुमा Screening क्याम्प सञ्चालन गरी ६१० जनाको | १०० |

| | | | | |
|---|---|---|---|---|
| | आँखा शिविर सञ्चालन | | परिक्षण गरिएको र शिविरमा ५१२ जनाको आँखा परिक्षण गरी ६३ जनाको शल्यक्रिया, १२५ जनालाइ चश्मा वितरण गरीएको छ । | |
| ५ | महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन खर्च | १३,६५,००० | ९१ जना महिला स्वास्थ्य स्वयंमसेविकाहरुलाई बार्षिक १५००० का दरले प्रोतसाहन भत्ता दिएको । | १०० |
| ६ | निशुल्क गर्भवती सुत्केरि तथा नवजात शिशु प्रेषण कार्यक्रम | ३,००,००० | २९ जना जटिल समस्या भएका गर्भवती तथा सुतकेरी आमाहरुलाई निशुल्क प्रेषण गरेको । | ६९ |
| ७ | नसर्ने रोगको Screening Camp सञ्चालन Camp सञ्चालन | ३,५०,००० | स्वास्थ्य संस्थाबाट टाढा रहेको बस्तिहरुमा नसर्ने रोगहरुको अभिमुखिकरण कार्यक्रम सञ्चालन सहित ४८२ जनाको स्वास्थ्य परिक्षण गरी विभिन्न नसर्ने रोगहरुको उपचार र अस्पतालहरुमा थप परिक्षणको लागि प्रेषण गरेको । ३० जना उच्च रक्तचाप १६ जना सुगर रोगिहरु । | १०० |
| ८ | औषधि तथा खोप ढुवानि | २,००,००० | पालिकाबाट स्वास्थ्य संस्थाहरुमा वर्षभरिमा औषधि तथा मासिक रुपमा खोप सेवा सञ्चालनका लागि औषधि र खोप ढुवानिबापत कार्यालय सहयोगिहरुलाई यातायात खर्च भुक्तानी । | १०० |
| ९ | विद्यालय पोषण सप्ताह तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुको बार्षिक समिक्षा गोष्ठी सञ्चालन खर्च | ४,६०,००० | पालिकाका सम्पूर्ण मा वि विद्यालयहरुमा विद्यालय पोषण स्वास्थ्य कार्यक्रम सञ्चालन तथा महिला स्वास्थ्य स्वयंम सेविकाहरुकव बार्षिक रुपमा सम्पादित गरेका कामहरुको समिक्षा का साथै उनिहरले प्रदान गर्ने सेवाहरुको पुनर्ताजगी गर्ने कार्य सम्पन्न । | १०० |

- आर्थिक वर्ष २०८१।०८२ मा पञ्चदेवल विनायक नगरपालिकाको नेपाल सरकार शर्सत हस्तान्तरित कार्यक्रममा कुल जम्मा रकम रु. ४,८६,४२,००० मा रु ४,५५,६१,५७१ (९३.६६%)खर्च भएको छ ।
- आर्थिक वर्ष २०८१।०८२ मा पञ्चदेवल विनायक नगरपालिका बाट स्वास्थ्य शाखा लाई हरुतान्तरित रकम रु ६२,००,००० मा ५९,२९,०३६ (९५.६२%)खर्च भएको छ ।

**आयुर्वेदः**

- बहिरंग (OPD) सेवामार्फत १५६५ जना बिरामीहरुको स्वास्थ्य परीक्षण तथा निःशुल्क औषधी वितरण गरिएको ।
- ४०० जना विद्यार्थीलाई विद्यालय आयुर्वेद तथा योग शिक्षाको बारेमा जानकारी र घरवरीपरीका जडिबुटीको उपयोगको बारेमा जानकारी गराइएको ।
- शारीरिक व्यायाम र योग स्वास्थ्य जीवनशैली, स्थानीयस्तरमा भएका जडिबुटीहरुको उपयोग सम्बन्धी २५ जना सहभागीहरुलाई नागरिक आरोग्य कार्यक्रम सम्पन्न गरिएको ।
- पूर्वकर्म/पंचकर्म सेवा अन्तर्गत २९५ जना बिरामीहरुलाई एकाङ्गता सर्वाङ्ग सेवा प्रदान गरिएको ।

**शिक्षा, युवा तथा खेलकूद शाखातर्फः**

- यस नगरपालिकामा जम्मा सामुदायिक विद्यालयहरु ( मा.वि. कक्षा १-१० सम्म ७ वटा , १-१२ सम्म ५ वटा, आधारभूत तह कक्षा १-८ सम्म ९ वटा कक्षा १-५ सम्म जम्मा २९ वटा) जम्मा ५० वटा सञ्चालनमा छन्।
- संघीय बालविकास केन्द्र ३७ वटा र नगरपालिकाबाट सञ्चालित बालविकास केन्द्र १० वटा सञ्चालनमा रहेका छन।

- सामुदायिक सिकाई केन्द्र ५ वट जसमध्ये ४ वटा सञ्चालन र १ वटा स्रोत कक्षा सञ्चालन रहेको छ।
- साविक उ.मा.वि. शिक्षक दरबन्दी ४ वटा र अनुदान ४ वटा गरि जम्मा ८ वटा रहेका छन ।माध्यमिक तहमा स्थायी ९ र राहत १६ जना गरि जम्मा २५ शिक्षक दरबन्दी र आधारभूत तहमा स्थायी ८४ र राहत ५५ शिक्षको दरबन्दी रहेको छ।
- संघीय शिक्षण सिकाइ अनुदान कोट आधारभूत तहमा ९ वटा र माध्यकिक तहमा १६ कोटामा शिक्षक कार्यरत रहेका छन्। जस मध्ये नि.मा. मा **२ वटा र मा.वि. मा ६** वटा माध्यमिक विद्यालयमा संघीय शिक्षण सिकाई अनुदान कोटा वितरण गरिएको छ।
- शिक्षण सिकाई कार्यक्रम सुधार कार्यक्रम अनुदान व्यवस्थापन अनुदान बाट तलब भत्ताँ खाने उ.मा. वि. ६ मा.वि. १३, नि.मा. २८, प्रा.वि. ३८ कोटा रहेका छन्।
- संघीय बाल विकास केन्द्र ३७ वटा र नगरपालिकाबाट सञ्चालित बाल विकास केन्द्र १० वटा सञ्चालनमा रहेका छन्।
- ५० वटा आधारभूत तथा माध्यमिक विद्यालहरुमा कार्यरत शिक्षकहरुको गत आ.व. मा जम्मा रकम रु. १२ करोड ३२ लाख १० हजार तलब भत्ता निकासा गरिएको छ।
- नगर शिक्षण सिकाइ अनुदान कार्यक्रम व्यवस्थापन अनुदानमा कार्यरत शिक्षकहरुको जम्मा रकम रु.२ करोड ३० लाख ८३ हजार निकासा गरिएको छ।
- ५० वटा विद्यालयका कक्षा १ देखि १२ सम्मका अध्ययनरत बालबालिकाहरुलाई निशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनेको लागि रकम रु. जम्मा विद्यार्थी संख्या ९२४५ जना विद्यार्थीहरुलाई पाठ्यपुस्तक वाफ्तको रु. ४५,१८,०४२ (पैंत्तालिस लाख अठार हजार बयालिस रुपया ) निकासा गरिएको।
- ५० वटा आधारभूत तथा माध्यमिक बाल विकास देखि कक्षा ५ सम्मका जम्मा ५७२०(पाँच हजार सात सय बीस) जना विद्यार्थीहरुलाई दिवा खाजा व्यवस्थापन सम्बन्धी रकम रु ८५,३९,९९५ ( पचासी लाख उन्नचालीस हजार नौँ सय पन्चानब्बे ) निकासा अनुदान उपलब्ध गराएको छ।
- सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि ५ सम्म अध्ययनरत छात्राहरु २२१८ जनालाई रु. ८,८७२०० (आठ लाख सत्तासी हजार दुइ सय रुपया) र दलित छात्रहरुलाई जम्मा ८६१ जना र विपन्न लक्षित छात्रवृत्ती ८९, अपाङ्गता भएका ८ जनालाई छात्रवृत्री उपलब्ध गराइएको थियो।
- विद्यालय सञ्चालन तथा व्यवस्थापन, लेखापरीक्षण, आर्थिक लेखापरीक्षण, विद्यालय सुधार योजना निर्माण, नेट इन्टरनेट जडान तथा विल अनुसारको रकम विद्यालयमा ५० वटा विद्यालयमा रु. २५,६५०००।– (पच्चिस लाख पैसठ्ठी हजार ) निकासा गरिएको।
- ५० वटा विद्यालयहरुका लागि शैक्षिक सामाग्री तथा डिजिटल शैक्षिक सामाग्री व्यवस्थापनको लागि रकम रु १४,५५,५६० ( चौध लाख पचपन्न हजार पाँच सय साठी ) निकासा तथा अनुदान उपलब्ध नगराएको।
- स्थायी शिक्षकको कार्यसम्पादन मुल्याङ्कन गरि शिक्षा तथा समन्वय इकाइ मंगसेनमा पठाइएको।
- आर्थिक वर्ष २०८१/०८२ को स्थिति प्रतिवेदन तयार गरि शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाइएको।
- संघीय सरकारबाट शिक्षाको वित्तीय हस्तान्तर रकमको वार्षिक प्रगति प्रतिवेदन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तोकेको ढाँचामा तयार गरि पठाइएको।
- ४० जना बाल विकास शिक्षकहरुलाई ३ दिने क्षमता विकास तालिम प्रदान गरिएको ।
- शैक्षिक सत्र २०८१ को कक्षा ५ र कक्षा ८ को वार्षिक परीक्षा नगरस्तरीयरुपमा सञ्चालन गरी नतिजा प्रकाशन गरिएको र प्राप्त नतिजाको समीक्षा गरेर आगामी वर्षमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने गरी पठनपाठन सुधार गर्ने निर्णय गरिएको ।
- नगरस्तरीय रुपमा सञ्चालित कक्षा ५ र कक्षा ८ को वार्षिक परीक्षामा सर्वोत्कृष्ट हुने ७ जना विद्यार्थीहरुलाई पुरस्कृत गरिएको ।
- शैक्षिक सत्र २०८२ का लागि एकीकृत शैक्षिक भित्तेपात्रो तयार गरी लागु गरिएको ।

- कक्षा १-३ सम्मको स्थानीय विषयको पाठ्यपुस्तकको मस्यौदा तयारी सम्बन्धी विज्ञ शिक्षकहरुलाई ३ दिने तालिम प्रदान गरी मस्यौदा तयार गरिएको ।
- शैक्षिक गुणस्तर अभिवृद्धि प्रोत्साहनका लागि सबै (५० वटा) सामुदायिक विद्यालयका प्र.अ. हरुलाई सुर्खेत, दाङ र बुटवलका देशकै नमुना सामुदायिक विद्यालयहरुको शैक्षिक अध्ययन अवलोकन भ्रमण कार्यक्रम सम्पन्न गरिएको ।
- समुदायमा आधारित सबै बाल विकास सहजकर्ताहरु, सामुदायिक विद्यालयका प्र.अ. तथा IT स्रोत शिक्षकहरुका लागि २ चरणमा ICT र IEMIS सम्बन्धी २/२ दिने क्षमता विकास तालिम सम्पन्न गरिएको ।
- नगरभित्रका सबै १२ वटा माध्यमिक विद्यालहरुका खेलकूद शिक्षकहरु, नगरभित्रका खेलाडीहरु र अन्य खेलसँग आबद्ध व्यक्तिहरुका लागि अतिरिक्त क्रियाकलाप र खेलकूद सम्बन्धी २ दिने क्षमता विकास तालिम सञ्चालन गरिएको साथै माध्यमिक विद्यालयहरुलाई आवश्यक केही खेलकूद सामाग्रीहरु निःशुल्क वितरण गरिएको ।
- सबै सामुदायिक विद्यालयहरुका प्र.अ. र लेखापालहरुका लागि प्रशासन र लेखा सम्बन्धी २ दिने क्षमता विकास तालिम सञ्चालन गरिएको ।
- कक्षा १-३ सम्मको एकीकृत पाठ्यक्रमसम्बन्धी ४५ जना शिक्षकहरुलाई २ दिने कष्टमाइज्ड तालिम सञ्चालन गरिएको ।
- १४ वटा आधारभूत विद्यालयहरुका लागि आवश्यक ICT उपकरणहरु (Laptop Computer, Desktop Computer, Printer, Projector, Speaker) खरिद गरी उपलब्ध गराइएको ।
- १८औं राष्ट्रपति रनिङ्ग शिल्ड खेलकूद प्रतियोगिता १२ वटा मा.वि.स्तरीय रुपमा सञ्चालन गरेको ।
- नगरपालिकाबाट छनौट भएका खेलाडीहरुले जिल्लास्तरीय १८औं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा दोस्रो स्थान हासिल गरेको र प्रदेशको लागि ८००, १५०० र ३००० मिटरमा स्वर्ण पदक सहित पहिलो स्थान भइ प्रदेशस्तरीय खेलमा सहभागी भएको ।
- समविकास नेपाल र कमलबजार नगरपालिकाको संयुक्त आयोजनामा सञ्चालित महिला भलिबल प्रतियोगितामा यस नगरपालिकाबाट सहभागी महिला टिमले सान्तवना पुरस्कार प्राप्त गरेको ।
- शिखर नगरपालिका, डोटी र नरहरीनाथ गाउँपालिका, कालिकोटमा आयोजित पुरुष खुल्ला भलिबल प्रतियोगितामा यस नगरपालिकाबाट भलिबल टिमलाई सहभागी गराएको ।

**<u>महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता तर्फः</u>**

- नगरपालिका र सबै वडामा सम्पन्न राष्ट्रिय बालदिवशका अवसरमा भएका बिभिन्न क्रियाकलापहरु (हाजिरीजवाफ, वक्तृत्वकला र गिति प्रतियोगिता) र नगर स्तरीय तथा वडा स्तरीय बालभेला मार्फत ११२१ जना बालबालिकाको सहभागिता भई बालअधिकारको सवाल र सन्देशका ज्ञान प्राप्त गरी बालबालिकाको क्षमता विकास भएको छ ।
- लैंङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान र अन्तर्राष्ट्रियमहिला दिवशको अवसरमा भएका बिभिन्न क्रियाकलापहरु(छाउपडि, बालबिबाह र स्वास्थ्य तथा पोषण) मार्फत १३५० जना महिला किशोरीहरुमा आफ्नो अधिकार तथा सवालका बारेमा आवश्यक आधारभूत ज्ञान प्राप्त गरेका छन ।
- क्षमता विकास तालिम मार्फत १८ जना महिला जनप्रतिनिधिहरुको क्षमता विकास भएको छ ।
- महिला सहकारी संस्थाका ३५ जना सदस्यहरुको तालिम मार्फत सहकारी सम्बन्धी विषयमा क्षमता विकास भएको छ ।
- अपाङ्गता परिचयपत्र वितरण शिविर मार्फत १७० जनाको चेकजाँच तथा ५० जनालाई डिजिटल अपाङ्गता परिचय पत्र प्राप्त गरिएको ।

- ग र घ वर्गका ९२ जना अपाङ्गता भएकाहरुलाई उपचार खर्च उपलब्ध गराइएको ।

**<u>बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ:</u>**

- वडा नं ९ का विपन्न परिवारका सुनौला हजार दिनका २५ जना आमाहरुले आयआर्जनका लागि नगद अनुदान प्राप्त गरी व्यवसाय सञ्चालन गरेका छन ।
